# संरक्षणको प्रक्रियाले जीविकामा पारेको असर

■ सोमत घिमिरे

नेपालमा संरक्षित क्षेत्रहरुको स्थापना प्रमुख रुपमा सन् १९७० को दशकदेखि सुरु भएको हो । यस क्रममा हालसम्म चितवन समेत गरी जम्मा १७ वटा संरक्षित क्षेत्रहरु जसमध्ये ८ वटा राष्ट्रिय निकुञ्ज, ४ वटा वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष र ४ वटा संरक्षण क्षेत्रको स्थापना गरिएको छ । यी क्षेत्रहरुले नेपालको जम्माजम्मी करीब १६ प्रतिशत भू-भाग ओगटेका छन् । यी संरक्षण क्षेत्रहरु स्थापनाको मुख्य उद्देश्य जैविक विविधता, दुर्लभ वन्यजन्तु तथा पर्यावरणीय विविधताको संरक्षण गर्नु रहेको छ । यो लेखमा चितवन राष्ट्रिय निकुञ्ज र यसको वरिपरि बसोबास गर्ने गरीब र आदिवासि (बोटेमाझी) हरुको जीविकोपार्जनसंग सम्बन्धित विविध पक्षहरुको चर्चा गरिएको छ ।

२०२९ सालमा नेपालकै पहिलो राष्ट्रिय निकुञ्जको रुपमा शाही चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएको थियो । यसले सयौं वर्षदेखिको स्थानीय समुदायको वन जंगलसंग रहेको निर्भरतालाई बेवास्ता गरी प्राकृतिक स्रोतको उपभोगबाट पूर्णतया विस्थापित गरी संरक्षण गर्ने अवधारणा ल्यायो । फलस्वरुप मान्छे र प्रकृतिका बीचमा रहेको अन्योन्याश्रित सम्बन्धलाई छुट्याउने प्रयास गरियो । यसको प्रत्यक्ष असर राष्ट्रिय निकुञ्जको वरिपरि बस्ने आदिवासी, गरीब र कमजोर वर्गलाई पर्न गयो । परम्परागत रुपमा रहेको वन जंगल र स्थानीय बासिन्दाहरुको सुमधुर सम्बन्धलाई गलत व्याख्या गरी निकुञ्जको वरिपरि बस्ने आदिवासी, गरीब र कमजोर वर्गलाई स्रोत मास्ने मुख्य कारकका रुपमा चित्रित गरियो ।

निकुञ्ज बनाउने बेला संरक्षणको जोश यति जागृत भयो कि संरक्षित क्षेत्रभित्र वा बाहिर बसोबास गर्ने आदिवासी एवं जनताको न्यूनतम आवश्यकतालाई पनि ध्यान पुऱ्याउन सकिएन । खाली पेटबाट संरक्षणको दर्शनलाई बुझ्न सकिदैन । संरक्षणको विलासिताले बौद्धिक एवं धनाढ्य व्यक्तिहरुलाई छुनसक्ला तर चितवनका स्थानीय बासिन्दाले आफ्नो घरछेउको जंगलबाट खर ल्याएर ओत पाउनु, वस्तुभाउलाई जंगलमा चराउन पाउनु जस्ता कुराहरुलाई संरक्षणको चुनौतीको रुपमा बुझ्नु हुदैन ।

निकुञ्ज बन्नुभन्दा अगाडि आफ्ना जीविकाका लागि संकलन गर्ने गरेका निम्न चीजहरुले स्थानीय समुदायको प्राकृतिक स्रोत माथिको निर्भतालाई अझ प्रष्ट पार्दछ । निकुञ्ज भित्रबाट विभिन्न महिनामा संकलन गरिने फलफूलहरुमा फर्सा, खनायो, कुसुम, जंगली, आँप, जामुन, क्यामुनो, खजुराती, वनकेरा, बहेरी, यमार, दामा, अमला, डिमी, बयर आदि थिए । त्यसैगरी जंगलबाट संकलन गरिने सागसब्जी र तरकारीमा विभिन्न प्रकारका च्याउ, तामा, तितमी (माला गाँसे जस्तै फुल्ने), परवरको साग, जिब्रे साग, नर्कटको साग, पिंडालु, विहिदी, निउरो, कुरिलो, चठिंल, दाई, सिप्लीगान आदि थिए ।

फलफूल मात्रै नभइ निकुञ्ज बन्नु अघि जंगलबाट उनीहरु मनग्गे तरकारी पनि संकलन गर्थे । स्थानीय बासिन्दाको विचारमा लगभग जंगलबाट संकलन गरेको तरकारीले तीन महिना जीविका चल्थ्यो । थोरै अन्न र धेरै तरकारी खाने उनीहरुको चलन थियो ।

यसका साथै दैनिक उपभोगका लागि चाहिने अन्य थुप्रै कुराहरु पनि उनीहरुले जंगलबाटै संकलन गरी जीविका चलाउँथे । ती वन पैदावारहरु, तिनको संकलन समय, प्रयोग र जीविकामा तिनीहरुको योगदानको बारेमा तलको तालिकामा उल्लेख गरिएको छ ।

***तालिका नं. १ : जंगलबाट संकलन गरिने विभिन्न वन पैदावार र जनजीविकामा त्यसको योगदान***

| क्र.सं | कच्चा सामग्री | ल्याउने महिना | प्रयोग | योगदान |
|---|---|---|---|---|
| १. | दाउरा | वर्षायाम बाहेक सबै महिना | खाना बनाउने | इन्धनमा पैसा जोगिन्थ्यो । |
| २. | घाँस | प्रायः बाह्रै महिना | गाईवस्तुलाई खुवाउन | दूध, मल, मासु, घ्यू प्राप्त हुन्थ्यो । |
| ३. | भोर्लाको पात | बैशाख | छत्री छाउन | छाताको काम गर्दथ्यो । |
| ४. | बाबियो | भदौ-असोज | डोरी, बन्धन, नाम्लो | सामान बाँध्न र ढुवानी गर्नमा काम आउँथ्यो । |
| ५. | खर | कार्तिक-माघ | घर छाउन | घर छाउने जस्ता पाताको काम गर्दथ्यो, किन्न पर्दैनथ्यो । |
| ६. | खडाई | फाल्गुन | भकारी बुन्न, घर बार्न | धान राख्ने भकारी, घर बनाउन काम आउँथ्यो । |
| ७. | काठ | कार्तिक-फाल्गुन | घर बनाउने काठहरु | घर, फर्निचर बन्दथ्यो । |
| ८. | पाट | माघ-फाल्गुन | पंखा, बीडा, गुन्द्री | दाम्ला, नाम्ला लगायत डोरी इत्यादि । |
| ९. | बाँस | माघ-फाल्गुन | छत्री, डोको, नाम्लो, धिमरी बुन्न र घरमा प्रयोग गर्न | पैसाको बचत, विभिन्न सामग्री बन्ने । |
| १०. | यकडा | माघ | ढडिया बनाउने | माछा मार्ने काममा प्रयोग हुन्थ्यो । |
| ११. | काँस | माघ | माछा राख्ने डेली | माछा मार्ने काममा प्रयोग हुन्थ्यो । |
| १२. | वेत | कार्तिक-माघ | मचिया बनाउन | कुर्चीको काम गर्थ्यो । |
| १३. | पटुवा | कार्तिक-माघ | डोरी, बन्धन, खटिया बुन्न | बजारमा किन्नु पर्दैनथ्यो । |
| १४. | कुचो | - | कुचो | बढार्ने काममा प्रयोग |

*स्रोतः पोखरेल, २०५८*

माथि उल्लेख गरिए बाहेक स्थानीय गाँउलेहरु दैनिक जीवनमा आइपर्ने रोगको औषधि पनि जंगलबाटै ल्याउँथे । स्थानीय समुदायका अनुसार ४९ वटा जडीबुटीहरुको जंगलबाट संकलन र प्रयोग गरिन्थ्यो । ती मध्ये केहीको नाम र तिनको प्रयोग तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. २ : जडीबुटी र तिनको प्रयोग*

| क्र.सं. | नाम | प्रयोग |
|---|---|---|
| १ | दुधेलो | बच्चा जन्मिएपछि आमाको दूध आएन भने खाने |
| २ | कुकुकडाई | शरीर सफा गर्ने |
| ३ | लालवन्ती | गर्मी लागेमा झोल पकाएर खाने |
| ४ | अमली | गर्मी हटाउने |
| ५ | लगिगोडा | घाउमा लगाउने |
| ६ | भनभनिया | सुकेलुतोको लागि |
| ७ | चुहा (असुरा) | ज्वरो आउँदा पात पकाएर खाने |
| ८ | धर्मरुवा | सर्प लट्ठिने, ज्वरोमा खाने |
| ९ | लालीगुजी | - |
| १० | सिम्ठीको जरा | ज्वरो आउँदा खाने |
| ११ | पतियाझार | वायु खुल्ने |
| १२ | पौडाहा लहरा | ज्वरोमा |

*स्रोतः पोखरेल, २०५८*

माथि निकुञ्ज बन्नु अघि उक्त जंगलवाट संकलन गरिने विभिन्न वस्तुहरुको चर्चा गरियो । त्यस क्षेत्रका आदिवासी बोटे-माझी, दराईहरुको जीविकाको अर्को मुख्य श्रोत राप्ती र रिउमा मारिने माछा थियो । निकुञ्ज बनेको निकै समय पछि २०४९ सालमा उनीहरुलाई माछा मार्न पनि प्रतिबन्ध लगाइयो । यसले खेतीपाती नगरेका र जमिन पनि नभएका, खोला र जंगलमै आश्रित बोटे-माझीको जीवनमा थप संकट छायो । बोटे-माझी कल्याण सेवा समितिका अध्यक्ष अमरबहादुर माझी भन्नुहुन्छ- “हामी बोटे-माझीहरु निकुञ्जसँग जोडिएका नदी किनारमा धेरै वर्ष अगाडि देखि बस्दै आएका छौं । हामी बाउबाजेका पालादेखि नै खोलामा माछा मार्ने र निकुञ्ज भित्र पर्ने जंगलबाट निउरो, टांकी जस्ता कन्दमूल ल्याई जीवन निर्वाह गर्दै आएका हौं । हाम्रो बाँच्ने आधार नै निकुञ्ज र खोला हो ।”

जब निकुञ्ज प्रशासनले बोटे-माझीलाई पुरै बाहिर पार्ने आदेश गऱ्यो तब बोटे माझीहरु अत्यन्तै ठूलो संकटमा परे । तर उनीहरुले हरेस खाएनन् । आफ्नो गुमेको अधिकार पुनः प्राप्तिको लागि बोटे माझी कल्याण सेवा समितिको गठन गरे । समिति गठन गरी स्थानीय निकाय, राजनीतिक पार्टीहरु र पत्रकारहरुसँग उनीहरुले आफ्ना समस्याहरु राखे । त्यसपछि उनीहरुले पार्क प्रशासन समक्ष आफ्ना माग राखे र अहिंसात्मक दवाब दिन थाले । निकुञ्ज भित्रको आर्मीको पोष्टबाट शुरु भएको दवाब कार्यक्रमले व्यापक रुप लियो । लगभग ९००/१००० जनाको एउटा जुलुसले एक स्वरमा प्रमुख संरक्षण अधिकृतसँग “बाउ बाजेको पालादेखि गर्दै आएको माछा मार्ने व्यवसाय गर्न दिनु पर्छ । न्युरो, साग जस्ता वन पैदावार हामीले संकलन गर्न पाउनु पर्छ” भन्ने नारा सहित आफ्ना मागहरु राखी गरेको संघर्षले ६ महिनाको माछा मार्ने लाइसेन्स दिन पार्क प्रशासन बाध्य भयो । तर पनि उनीहरुको जीविकाको संकट भने पूर्ण रुपले मुक्त भइसकेको छैन् । यसका लागि ठूलै आन्दोलन गर्नुपर्ने कुरा कल्याण सेवा समितिका सदस्य तेजबहादुर माझी बताउँछन् । यस प्रक्रियामा सहयोग गरिरहेका सामुदायिक विकास संगठन नामक गैर सरकारी संस्थाका कार्यकर्ता छविलाल न्यौपानेका विचारमा शाही चितवन राष्ट्रिय निकुञ्जले छोएका चारै जिल्लामा

पीडितहरुको संगठन निर्माण गरी संयुक्त रुपमा अहिंसात्मक अभियान संचालन गर्नु पर्ने राय राख्दछन् ।

यसरी निकुञ्जमा आंशिक प्रवेश पाए पनि उनीहरुको जीवन पूर्णतया चल्ने अवस्था छैन । आफ्नो जीवन धान्न उनीहरुले बाउ-बाजेले कहिल्यै नगरेको संस्कृतिसँग मेल नखाने कामहरु जस्तै सडक बनाउने, गिट्टी कुट्ने, अर्काको मेला जाने जस्ता कामहरु गर्न बाध्य भएका छन् । माझी नेता जीतबहादुरका विचारमा "जेलभन्दा धेरै कठिन छ गिट्टी कुट्ने र अर्काको मेला जाने काम । तर के गर्ने जहान केटाकेटी पाल्नका लागि गर्नै पर्‍यो ।" गिट्टी कुट्ने कामल संस्कृतिमा मात्रै होइन महिलाको स्वास्थ्यमा दीर्घकालीन नकारात्मक प्रभाव पर्ने कुरा स्थानीय स्वास्थ्यकर्मीहरुको भनाई छ । गिट्टी कुट्न थालेको चार पाँच वर्ष यता स्वास्थ्यमा कस्ता असर पर्‍यो भन्ने बारेमा गहिरो अध्ययन भने भएको छैन ।

हाल आएर निकुञ्ज र जनता बीचको विवाद बढेको कुरा वन प्रशासनले महसुस गरेको छ । परिणामस्वरुप विवाद घटाउनका लागि भनेर पार्क पिपुल कार्यक्रम र मध्यवर्ती क्षेत्र विकास परिषद् क्रियाशील छन् । यी संस्थाहरुले समुदायमा झोला बुन्ने तालिम, अचार बनाउने तालिम, जंगल जोगाउने तालिम, प्रौढकक्षा, बचत संचालन जस्ता कार्यक्रमहरुमा जोड दिएका छन् । जनताको सवाल एउटा छ, यी संस्थाहरुको उपचार गर्ने विधि अर्को छ । कसरी घट्ला झोला बुन्ने तालिमले जनता र निकुञ्ज बीचको विवाद ? अनौठो छ, कतै टाढा बाहिरबाट निर्धारण गरिएका प्राथमिकताहरुले ठाउँ पाएका त छैनन् । अहिले यी कार्यक्रमहरुले जे गर्न खोजेका छन् तिनले जनताको सरोकारसँग कुनै सम्बन्ध राख्दैनन् । विवाद छ भन्ने कुरा प्रशासनले स्वीकार गरिसकेको अवस्थामा पनि समाधान गर्ने इच्छाशक्ति, प्रक्रिया, प्राथमिकता जस्ता महत्वपूर्ण कुराहरु समेत सार्वजनिक बहसको विषय बन्नसकेका छैनन् ।

निकुञ्ज रहेको वन क्षेत्रबाट प्राप्त हुने गरेका वन पैदावारहरु उपभोग गर्नवाट स्थानीय समुदायहरु वन्चित भएका मात्रै होइनन् निकुञ्ज स्थापनाका कारणले धेरै हानी नोक्सानी पनि बेहोर्नु परेको छ । उदाहरणको लागि जनावरहरुले वरिपरिको समुदायको अन्नबालीहरु नष्ट गर्दछन्, घरपालुवा जनावरहरुलाई आक्रमण गरी मार्दछन् र मान्छे समेत मार्दछन् । गर्दी गा.वि.स. वडा नं. १ इमिलिया, माडीमा गरिएको एक अध्ययनवाट एक वर्षमा ९ जना गरीब व्यक्तिहरुको ८८ मुरी धानको नोक्सानी भएको कुरा प्रकाशमा आएको छ । यसरी नोक्सानी भएका मध्ये तीन जनाले अर्काको जग्गा अधिया गरेको र सबै जना ५ कट्ठा भन्दा कम जग्गा भएका गरीब व्यक्तिहरु पर्दछन् । यसका साथै मकै, गहुँ, मुसुरो, तोरी, आलु, मुला जस्ता अन्नबाली पनि धेरै मात्रामा नोक्सानी हुने गरेको उक्त अध्ययनले देखाएको छ ।

पार्क व्यवस्थापन योजना गोष्ठी[११] का अनुसार पनि वर्षेनी ३ देखि ५ जना मानिसहरु गैडा र बाघको शिकार भएका छन् र निकुञ्जका वन्यजन्तुहरुले "निकुञ्ज वरपर बस्ने किसानहरुको ५० प्रतिशत भन्दा बढी अन्न बालि नष्ट पारेका छन् । उक्त प्रतिवेदनले जनताका वन सम्बन्धी आधारभूत आवश्यकता पूरा हुनुपर्ने र अन्नबाली नष्ट हुन नदिने र भएमा क्षतिपुर्ति दिनुपर्ने कुरालाई सिफारिस गरेको छ ।

निकुञ्ज वरिपरि बस्ने जनताको जनजीवनमा निकुञ्जले पारेको असरबारे पहिलो संरक्षण अधिकृत कर्ण शाक्य यस्तो अवस्थालाई यसरी चित्रण गर्छन् "निकुञ्ज बनाउने बेला संरक्षणको जोश यति जागृत भयो कि संरक्षित क्षेत्रभित्र वा बाहिर बसोबास गर्ने आदिवासी एवं जनताको न्यूनतम

आवश्यकतालाई पनि ध्यान पुऱ्याउन सकिएन । खाली पेटबाट संरक्षणको दर्शनलाई बुझ्न सकिँदैन । संरक्षणको विलासिताले बौद्धिक एवं धनाढ्य व्यक्तिहरुलाई छुन सक्ला तर चितवनका स्थानीय बासिन्दाले आफ्नो घरछेउको जंगलबाट खर ल्याएर ओत पाउनु, वस्तुभाउलाई जंगलमा चराउन पाउनु जस्ता कुराहरुलाई संरक्षणको चुनौतीको रुपमा बुझ्नु हुँदैन" ।[१२] उनी थप उल्लेख गर्छन "संरक्षणको नाममा मान्छे भुल्नु हुदैन । मान्छे भुलेर गरिएको संरक्षणको कुनै अर्थ छैन ।"

जनतालाई छेकेर संरक्षण गर्ने विचारले जनताबाट जैविक विविधता मासिने तर्क अघि सार्दछ । तर जैविक विविधतामा उद्योगधन्दाबाट खतरामा छ कि स्थानीय समुदायबाट ? जैविक विविधतालाई व्यापारीकरण गर्न मिल्छ कि मिल्दैन ? व्यापार कि जनजीविका ?

जैविक विविधताको खतरा भृकुटी कागज, चौधरी उद्योग, गोर्खा ब्रुअरी, विषादीको प्रयोग, ढल खोलामा फालिने प्रचलनबाट भएको छ कि स्थानीय समुदायबाट ? आदि जस्ता आधारभूत प्रश्नहरु सार्वजनिक चर्चा र बहसको विषय बन्नुपर्छ यदि दिगो प्राकृतिक श्रोत व्यवस्थापनको कुरा गर्ने हो भने । औद्योगिकरणबाट नै  जैविक विविधता विनाशतिर उन्मुख छ भन्नेकुरा वैज्ञानिक अध्ययन अनुसन्धानहरुले समेत पुष्टि गरेका छन् ।[१३]

जनतालाई संरक्षण र जीविकाबाट विस्थापित गरेर कर्मचारीतन्त्रबाट गर्न खोजिएको सुरक्षा आफैमा नसुहाउँदो कुरा छ । पुस्तौंदेखि यही रनवन गर्दै आएका, यहाँकै माटोमा हुर्केका, आफ्नो सन्तानको भविष्य यही माटोमा देख्ने एउटा किसानभन्दा विषेशज्ञको रुपमा आउने बाहिरियाहरु कहिल्यैपनि बढी संरक्षणवादी हुन सक्दैनन् । जबसम्म संरक्षणलाई जीविकासँग गाँसेर हेरिदैन तवसम्म संरक्षण पनि खतरामा परिरहन्छ । श्रोत संरक्षण गर्नुपर्छ भन्ने कुरामा कुनै विमति छैन तर आम विश्व समुदायका लागि गरिने संरक्षणको खर्च स्थानीय गरीब समुदायले मात्र व्योहोर्नु पर्ने कुरा कत्तिको न्यायोचित छ ? एकपटक विचार गर्नैपर्ने बेला भएको छ ।

(लेखक सामुदायिक विकास संगठनमा कार्यरत हुनुहन्छ ।)

*सामुदायिक वन क्षेत्रको केही भाग समूह भित्रका गरीब सदस्यहरूको पहिचान गरी उनीहरूको आय आर्जनमा टेवा पुग्ने हिसाबले वन सम्बन्धी विविध कार्यक्रम संचालन गर्न दिन सकिन्छ । त्यसको लागि सामुदायिक वनको कार्ययोजनामा व्यवस्था मिलाउनु पर्छ ।*